Research Article
Bhairahawa Campus Journal, 6(1-2), 2023: 167–185
ISSN: 2795-1979
DOI: https://doi.org/10.3126/bhairahawacj.v6i1-2.65181

# अवधी भाषी विद्यार्थीले नेपाली लेखाइमा गर्ने त्रुटिको विश्लेषण

**नारायणप्रसाद पन्थ**
**उपप्राध्यापक**
**बुटवल बहुमुखी क्याम्पस**

## सारसङ्क्षेप

सिकारुले विभिन्न खालका त्रुटि गर्दछन् । त्रुटि भाषाका चारओटै सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइमा हुन्छन् । त्रुटि मातृभाषामा मात्र होइन, दोस्रो वा अन्य भाषा सिकाइका क्रममा पनि हुन्छन् । सिकारुले कुन प्रकृतिका त्रुटि गर्दछन् । ती त्रुटि के कारणले र कसरी हुन्छन् । तिनको निराकरणका उपाय के के हुन् भनी अध्ययन विश्लेषण गर्ने पद्धति त्रुटिविश्लेषण हो । त्रुटिको अध्ययनबाट सिकारुका ज्ञानको स्तर पत्ता लगाउन सकिन्छ । प्रस्तुत लेख अवधी भाषी विद्यार्थीले नेपाली लेखाइमा गर्ने त्रुटिको विश्लेषणमा केन्द्रित छ । यसको मुख्य उद्देश्य अवधी भाषी विद्यार्थीले नेपाली लेखाइमा गर्ने त्रुटि पत्ता लगाउनु रहेको छ । अध्ययनका क्रममा तथ्याङ्क सङ्कलन गर्दा लिखित रूपमा स्तन्त्र वर्णन गराइएको छ । अवधी भाषाका बारेमा पूर्व प्रकाशित पुस्तक, पत्रपत्रिका, पुस्तकालयीय कार्यको उपयोग गरिएको छ । तथ्याङ्क विश्लेषण गर्दा वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक विधि प्रयोग गरिएको छ । यसरी यस लेखमा विषयपरिचय, त्रुटिविश्लेषणको सैद्धान्तिक आधार, समस्या, उद्देश्य, विधि र प्रक्रिया, अवधी भाषी विद्यार्थीका नेपाली लेखाइगत त्रुटिको विश्लेषण गरी अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ । अवधी भाषी विद्यार्थीलाई नेपाली लेखाइमा कठिनाइ भएको, शब्दभण्डार, शब्दोच्चारणका तरिका र लय भिन्न भएकाले नेपाली भाषाका सुनाइ, बोलाइ, पढाइ तथा लेखाइमा त्रुटि हुने गरेको निष्कर्ष निकालिएको छ । अवधी भाषी विद्यार्थीहरूको भाषिक विकासका लागि त्रुटिको पहिचान गरी निराकरण गरिनुपर्छ । कक्षामा बहुभाषिक शिक्षकको व्यवस्था गरी मातृभाषाका शैक्षिक सामग्री सङ्कलन गरी लेखन अभ्यास गराउनुपर्दछ । पाठको उद्देश्यअनुरूप पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग गरी योजनाबद्ध शिक्षण गर्नुपर्दछ ।

## शब्दकुञ्जी

त्रुटिविश्लेषण, शब्दभण्डार, निराकरण, मातृभाषा, मानक

## विषयपरिचय

अवधी भारोपेली परिवारको भाषा हो। यो आर्यइरानेली शाखामा पर्दछ। आर्यइरानेली परिवारको यो शाखा अत्यन्तै महत्त्वपूर्ण रहेको छ। नेपालका नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, वाके, वर्दिया, कैलाली तथा कञ्चनपुर अर्थात् प्राचीन कोशल राज्यअन्तर्गतका तीन गणराज्य कोशल महाजनपद, शाक्य राज्य तथा कोशल राज्यअन्तर्गतका केही भूभाग वर्तमानको सङ्घीय संरचनाअन्तर्गतको पाँच र सात नम्बर प्रदेशअन्तर्गतका लगभग सम्पूर्ण जिल्लाहरू मुख्य रूपले अवधी भाषी क्षेत्रअन्तर्गत पर्दछन्। राष्ट्रिय तहमा अवधी भाषाको सीमारेखा त्यति कठिन छैन। यस भाषाको उत्तरी सीमा रेखा पहाड तथा तराई मधेशको प्राकृतिक रेखाबाट

छुट्टिएको हेर्न सकिन्छ। दक्षिण र पश्चिमतिर पनि देशको राजनैतिक सीमा रेखाले अवधी भाषी क्षेत्र कायम भएका कारणले कुनै विवाद देखा पर्दैन। अवधी भाषी समुदायको पूर्वमा बोलिने भाषा भोजपुरी हो। लोकभाषामा भोजपुरी भाषालाई पूर्वी भन्ने चलन छ। पूर्वी लोकगीत अवधी भाषी जनसमुदायमा वोधगम्य छ। नवलपरासी तथा रूपन्देहीको पूर्वी भूभागमा भोजपुरी तथा अवधी समानान्तर छन्। नेपालमा अवधी भाषाको पूर्वी सीमारेखा नारायणी नदीलाई मान्न सकिन्छ।

नेपालको संविधानमा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्ने कुरा उल्लेख गरिएको छ। नेपालमा बोलिने प्रमुख चार भाषा परिवारमध्ये अवधी भाषा समृद्ध भारोपेली भाषा परिवारअर्न्तगत पर्दछ। यो भाषा वक्ताका हिसावले नेपाली भाषा पछिको चौथो स्थानमा रहेको छ। भारतको उत्तर प्रदेशको अवध अर्थात् अयोध्या क्षेत्रमा बोलिने भएकाले अवधी भनिएको हो। यो भाषा संस्कृतको अर्धमागधी प्राकृतबाट विकसित भएको हो।

नेपालका विश्वविद्यालयीय तहमा अवधी भाषाको पठनपाठन हुँदै आएको छ। यस भाषामा विभिन्न पत्रपत्रिका प्रकाशनका साथै सञ्चारका विभिन्न माध्यमबाट विभिन्न कार्यक्रम प्रसारण गरिँदै आएका छन्। नेपालको जनगणना २०६८ सालमा यस भाषाका वक्ताको सङ्ख्या ५,०१,७५२ अर्थात् ५.८९ प्रतिशत रहेको छ। नेपालको राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा आएपनि यस भाषाका वक्ताको सङ्ख्या यकिन हुन सकेको छैन। यसका वक्ताहरू कपिलवस्तु, नवलपरासी, रूपन्देही, बाँके, वर्दिया, कैलाली, कञ्चनपुर तथा नवलपरासीदेखि तराई क्षेत्रमा रहेका छन्। प्राचीन ग्रन्थका रूपमा रहेको तुलसीदासको *रामचरितमानस* महाकाव्य अवधी भाषामा लेखिएको छ। यस भाषामा अवधी नेपाली शब्दकोशसमेत निर्माण भएको छ। नेपालको संविधानले यसलाई राष्ट्रभाषाका रूपमा मान्यता दिएको छ। यस भाषाले औपचारिक शिक्षामा अध्ययन अध्यापनको स्वीकृति पनि पाएको छ। भारतको अयोध्या क्षेत्रतिर बोलिने हुनाले अवधीलाई अयोध्यानगरी भन्ने गरेको पनि पाइन्छ। रामचन्द्रको धाम मानिने हुनाले अयोध्यानगरी बासी र अवधी भाषी दुवै पवित्र एवम् शान्तिप्रिय भएको उल्लेख पाइन्छ। अवधी भाषालाई कोसेली भाषा पनि भनेको पाइन्छ। नेपाली र अवधी समपारिवारिक भाषा परिवारका भए पनि अवधी विद्यार्थीका नेपाली लेखाइमा त्रुटि देखिन्छन्।

## सैद्धान्तिक आधार

त्रुटिहरूको व्यवस्थित रूपमा व्याख्या र वर्णन गर्ने प्रक्रिया त्रुटिविश्लेषण हो। यो सन् १९७० को दशकपछि भाषाशिक्षणका क्षेत्रमा देखापरेका सिकाइ प्रक्रियाको अध्ययन गर्ने पद्धति हो। यसलाई विशेष गरी दोस्रो तथा विदेशी भाषाशिक्षणका क्रममा विकसित त्रुटिको वर्णन र विश्लेषण गर्ने पद्धति मानिन्छ। त्रुटिबिना भाषा सिकाइ असम्भव भएकाले सिकारुले प्रयत्न र भूलको सिद्धान्तबाट भाषा सिक्दै जान्छ। पहिले त्रुटिलाई असफलता र बौद्धिक कमजोरीका रूपमा लिने गरिन्थ्यो। अहिले यसलाई प्रगति, विकास र सफलताका रूपमा लिइन्छ। जब सिकारुले भाषा सिक्दै जान्छ तब उसले त्रुटिका साथै त्यसलाई परिमार्जन गर्दै भाषा सिक्छ। संरचनावादीका अनुसार त्रुटि अभ्यासको कमी, आदत र असफलताको चिन्ह हो। यिनीहरूले त्रुटिलाई सिकारुको कमीकमजोरी मानेका छन्। मनोवादीहरूले सिकारुले त्रुटि नगरी भाषा सिक्न सक्दैन भन्ने धारणा व्यक्त गर्दछन्

एस.पिट कर्डर (सन् १९७३) का अनुसार त्रुटि विश्लेषणात्मक अध्ययनबाट भाषा सिकाइका क्रममा सिकारुमा भएको भाषाको ज्ञान र सिपको मात्रा पत्ता लाग्दछ । यसबाट सिकारुले के के कुरा सिकेको छ र के सिक्न बाँकी छ भन्ने कुरा निर्धारण गर्न सकिन्छ ( पृ.१००) ।

राष्ट्रिय भाषा नीति सुझाव आयोग (२०५०) का अनुसार- नेपाली मातृभाषा नभएका बालबालिकालाई प्रारम्भिक कक्षाहरूमा नेपाली भाषा दोस्रो भाषाका रूपमा शिक्षण गरी उनीहरूलाई तल्ला कक्षादेखि नै सक्षम बनाउँदै लैजानु उचित हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

"भाषा विज्ञानको त्रुटिपरक अध्ययनबाट पहिलो भाषा र दोस्रो वा अन्य भाषाको सिकाइ प्रक्रियामा खास अन्तर नभएको ठानिन्छ तापनि यी दुई सिकाइ प्रक्रियामा केही भिन्नता अवश्य देखाउन सकिन्छ (अधिकारी, २०५६, पृ.१२९) ।

"गल्तीहरू कहिलेकाहीँ देखापर्ने प्रवृतिगत कार्यहरू हुन्, जो अव्यवस्थित किसिमका हुन्छन् र जसलाई सिकारु आफैँले सच्चाउन सक्छ । तर त्रुटिका बारेमा Richards et al (1985) भन्छन् : यो दोस्रो वा विदेशी भाषा सिकारुले भाषा सिक्दा गरेको त्रुटिको विश्लेषण गर्ने सिद्धान्त हो" (भण्डारी र अरू, २०६८, पृ.१३७)।

"त्रुटिविश्लेषण शिक्षार्थी केन्द्रित हुने भएकाले जति जति त्रुटि हुँदै जान्छ, त्यति त्यति उसले सच्चाउँदै जाने अवसर पाएका खण्डमा त्रुटिबाट आफू सचेत भएर अगाडि बढ्ने प्रयास गर्दछ । भाषा सिकाइका क्रममा त्रुटि हुनु आफैँमा नराम्रो होइन तर यसको स्रोत पत्ता लगाई बेलैमा निराकरण गर्न सकिन्छ" (लामिछाने, २०६८, पृ.११८) ।

"प्रयत्न जति गऱ्यो त्यति भूल कम हुँदै र त्रुटिमा कमी आउँदै गई भाषाको प्रभावकारी सिकाइ हुन जान्छ । यस्तै लक्ष्य भाषाको सिकाइ स्तर स्रोत भाषाको व्यतिरेक स्तरमा निर्भर हुन्छ भन्ने यसको अर्को मान्यता रहेको छ । यसलाई नै त्रुटिविश्लेषणको सैद्धान्तिक आधार मानिन्छ" (लम्साल र अरू, २०७०, पृ.११९) ।

डेबिट क्रिस्टलका अनुसार भाषाशिक्षण तथा सिकाइका क्रममा त्रुटिविश्लेषण त्यस्तो प्रविधि/तरिका हो, जसका सहायताबाट विदेशी भाषा सिकिरहेको व्यक्तिले गर्ने त्रुटिहरूको पहिचान, वर्गीकरण र व्याख्या गरिन्छ । यसबाट सिकारुको भाषिक सामर्थ्यको स्तर स्पष्ट रूपमा झल्कन्छ (ढकाल, २०७३, पृ.१३९) ।

यसरी सिकाइका क्रममा सिकारुहरूले के कस्ता प्रकृतिका त्रुटि के कारणले गर्दछन् भनी गरिने विश्लेषण जसले उक्त त्रुटि निराकरण गर्न सहयोग गर्दछ त्यसलाई त्रुटिविश्लेषण भनिन्छ । भाषा बोध र अभिव्यक्तिसँग सम्बन्धित हुन्छ । अभिव्यक्तिको प्रकटीकरण बोलेर वा लेखेर हुन सक्छ । अभिव्यक्तिलाई स्तरीय बनाउने कार्यमा त्रुटिविश्लेषण केन्द्रित रहन्छ । सिकारुले मातृभाषाको प्रयोग गर्दा होस् अथवा अन्य विभिन्न भाषाको प्रयोग गर्दा नै किन नहोस् त्रुटिहरू गर्दछन् । ती त्रुटिका प्रकृति फरकफरक हुन्छन् । प्रयत्न र भूलका सिकाइ सिद्धान्तका आधारमा सिकारुले भाषा सिक्दै जान्छ । जति बढी प्रयत्न गऱ्यो त्यति त्रुटि कम हुँदै जान्छन् । यसबाट सिकाइ प्रभावकारी हुन्छ । त्रुटि सिकाइको सकारात्मक पक्ष हो । सिकाइमा त्रुटि हुनु विकास प्रक्रियाको सङ्केत हो । मनोवैज्ञानिक धारणाअनुसार नयाँ परिस्थितिसँग सामञ्जस्य गर्नका लागि सिकारुले विभिन्न स्वाभाविक प्रतिक्रिया गर्छ । लक्ष्य भाषाको सिकाइ स्तर स्रोत भाषाको व्यतिरेक स्तरमा निर्भर हुन्छ । यसैलाई त्रुटिविश्लेषणको सैद्धान्तिक आधार मानिन्छ ।

## अनुसन्धानका समस्या

(क) अवधी भाषी विद्यार्थीहरूले नेपाली लेखाइमा गर्ने त्रुटि त्रुटिका कारण के के हुन् ?

(ख) अवधी भाषी विद्यार्थीहरूले नेपाली लेखाइमा गर्ने त्रुटि निराकरणका उपाय के के हुन् ?

## अनुसन्धानका उद्देश्य

(क) अवधी भाषी विद्यार्थीहरूले नेपाली लेखाइमा गर्ने त्रुटिका कारण पत्ता लगाउनु,

(ख) अवधी भाषी विद्यार्थीहरूले नेपाली लेखाइमा गर्ने त्रुटि निराकरणका उपाय पत्ता लगाउनु ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययनमा नेपालको लुम्बिनी प्रदेशमा रहेको कपिलवस्तु जिल्लाका पाँच विद्यालय नमुना छनोटमा परेका छन् । उक्त विद्यालयहरू अनिरुद्ध पब्लिक मा.वि., बासुदेव जनता मा.वि., कृष्ण धार्मिक मा.वि., राधवेन्द्र आधारभूत विद्यालय र नेपाल राष्ट्रिय आधारभूत विद्यालय रहेका छन् । यिनै विद्यालयका विद्यार्थी नै जनसङ्ख्या रहेका छन् । गुणात्मक अनुसन्धानका सन्दर्भमा विभिन्न लेखक एवम् विज्ञले अध्ययनीय नमुनाको आकारभन्दा तथ्याङ्कको आधिकारिकतालाई बढी महत्व दिएको पाइन्छ । डेन्जिन एन्ड लिङ्कन (सन् २००५) का अनुसार गुणात्मक अनुसन्धानमा स्थूल नमुना छनोट गर्नुले परिमाणात्मक अनुसन्धानमा जस्तो सकारात्मक सन्देश प्रवाह गर्दैन । प्रस्तुत अध्ययनमा २०७९ सालमा गरिएको अध्ययनमा निर्दिष्ट विद्यालयमा रहेका कक्षा आठमा अध्ययनरत ५० जना अवधी भाषी विद्यार्थी नमुना जनसङ्ख्याका रूपमा रहेका छन् । उक्त विद्यार्थीमध्ये २५ जना छात्रा र २५ जना छात्र रहेका छन् । निर्दिष्ट ५० जना अवधी भाषी विद्यार्थीबाट प्राप्त लिखित अभिव्यक्ति क्षमतासँग सम्बन्धित प्रतिक्रिया प्राथमिक स्रोतका रूपमा रहेका छन् । अध्ययनका क्रममा कक्षा आठमा अध्ययनरत अवधी भाषी विद्याथीसँग लिखित सामग्रीद्वारा तथ्याङ्क प्राप्त गरिएको छ । त्रुटिको पहिचान प्राप्त लिखित सामग्रीका आधारमा निश्चित गरिएको छ । अवधी भाषाका बारेमा पूर्व प्रकाशित पुस्तक, व्याकरण, पत्रपत्रिका, शव्दकोशका साथै पुस्तकालयीय अध्ययन कार्यको उपयोग गरिएको छ । तथ्याङ्क विश्लेषण गर्दा वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । सङ्कलित तथ्याङ्कको वर्गीकरण पश्चात् त्रुटिको विश्लेषण गरिएको छ । तथ्याङ्क विश्लेषण गर्दा अवधी भाषी विद्यार्थीले नेपाली लेखाइमा गर्ने त्रुटि पहिचान र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## अवधी भाषी विद्यार्थीले नेपाली लेखाइमा गर्ने त्रुटिको विश्लेषण

अवधी भाषी विद्यार्थीले पदादि, पदमध्य तथा पदान्तमा 'अ' कारका स्थानमा 'आ' कार प्रयोग गरेको देखिन्छ ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| मन्दिर | मान्दिर | आकार भएको |
| समाज | सामाज | आकार भएको |
| परिचय | पारिचाय | आकार भएको |
| आदरणीय | आदारणीया | आकार भएको |
| भक्त | भक्ता | आकार भएको |
| आज | आजा | आकार भएको |

यसरी अवधी भाषी विद्यार्थीले पदादि, पदमध्य र पदान्तमा 'अ' वर्णको लेखनमा बढी त्रुटि गरेको देखिन्छ ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | स्पष्टीकरण |
|---|---|---|
| जुत्ता | जुता | 'त्'लोप भएको |
| पुराना | पुरान | 'आ'लोप भएको |
| हात्ती | हाथी | 'त्त' हुनुपर्नेमा थ भएको |
| इच्छा | इक्छा | 'च' हुनुपर्नेमा क भएको |
| चित्त | चित | 'त्त' हुनुपर्नेमा त भएको |

यसरी अवधी भाषी विद्यार्थीले पदान्तमा आधा वर्ण हटाई सिङ्गो वर्ण प्रयोग गरेको देखिन्छ ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| स्थायी | अस्थायी | 'अ' को थपोट भएको |
| स्वच्छ | स्ववछ | 'च' हुनुपर्नेमा 'व' भएको |
| स्कुल | इसकुल | 'इ' को थपोट भएको |
| स्वास्थ्य | स्वास्था | 'य' हुनुपर्नेमा 'थ' भएको |
| स्मरण | अस्मरण | 'अ' को थपोट भएको |

अवधी भाषी विद्यार्थीले आरम्भमा 'स्' आउने वर्णमा त्रुटि गर्दछन् । यस्ता त्रुटि मातृभाषाको प्रभावले भएको पाइन्छ ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | स्पष्टीकरण |
|---|---|---|
| सम्माननीय | सम्मानीय | 'न' लोप भएको |
| भाषा | भाष | 'ष' मा आकार हुनुपर्नेमा लोप भएको |

| | | |
|---|---|---|
| कक्षा | काक्ष | 'क्ष' मा आकार हुनुपर्नेमा 'क' आकार भएको |
| सिर्जना | सिर्जन | 'न' मा आकार हुनुपर्नेमा लोप भएको |
| विविधता | विविधत | 'त' मा आकार हुनुपर्नेमा लोप भएको |
| साझा | साजा | 'झा' हुनुपर्नेमा 'जा' भएको |

यसरी अवधी भाषी विद्यार्थीले पदान्तमा 'आ' वर्णको लेखाइमा बढी त्रुटि गरेको देखिन्छ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| प्रेरणा | प्रेरना | 'णा'हुनुपर्नेमा 'ना' भएको |
| कारण | कारन | 'ण'हुनुपर्नेमा 'न' भएको |
| आदरणीय | आदरनिया | 'णी'हुनुपर्नेमा 'नि' भएको |

यसरी अवधी भाषी विद्यार्थीहरूले पदान्तमा 'आ' वर्णको लेखाइमा त्रुटि गरेको देखिन्छ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| एउटा | यउटा | 'उ' हुनुपर्नेमा 'य' भएको |
| दुईटा | दोइटा | 'दु' हुनुपर्नेमा 'दो' भएको |
| टाढा | टाडा | 'ढा' हुनुपर्नेमा 'डा' भएको |
| टपरी | टापरी | 'ट' मा आधार भएको |

यसरी अवधी भाषी विद्यार्थीले 'ट' वर्गीय वर्णमा 'ढ' वर्णलाई 'ड' वर्णमा परिणत गरी उच्चारण गरेकाले यसको प्रभाव लेखाइमा समेत पर्न गई त्रुटि भएको देखिन्छ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| नयाँ | नाया | 'न'आकार थपोट 'य' मा चन्द्रबिन्दु नभएको |
| गएँ | गए | 'ए' मा चन्द्रबिन्दु नभएको |
| सारांश | सरांश | 'स' मा आकार नभएको |
| आँसु | आसु | 'आ' मा चन्द्रबिन्दु नभएको |
| खान्छौँ | खान्छौ | 'छौ' मा चन्द्रबिन्दु नभएको |

यसरी अवधी भाषी विद्यार्थीमा मातृभाषाको प्रभाव र असावधानीपूर्ण बोलाइको असर उच्चारण तथा लेखाइमा समेत पर्न गएको देखिन्छ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| प्रचार | परचार | 'प्र' हुनुपर्नेमा 'पर' भएको |
| प्रमुख | परमुख | 'प्र' हुनुपर्नेमा 'पर' भएको |
| प्रज्ञा | परज्ञा | 'प्र' हुनुपर्नेमा 'पर' भएको |
| परम्परा | परमपरा | 'म्' हुनुपर्नेमा 'म' भएको |

यसरी अवधी भाषी विद्यार्थीमा कतिले 'र्' को साटो सिङ्गो 'र' तथा कतिले उल्टोपाल्टो गरेर उच्चारण र लेखेको पाइन्छ । यसो हुनाको मूल कारण भाषिक प्रभाव, गुणात्मक शिक्षाको अभाव, उच्चारणमा लापर्वाही र असावधानी हो ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| समीक्षा | समिछा | 'क्ष' हुनुपर्नेमा 'छ' भएको |
| अध्यक्ष | अध्यछ | 'क्ष' हुनुपर्नेमा 'छ' भएको |
| लक्ष्मी | लक्षिमी | 'क्ष्' हुनुपर्नेमा 'क्षि' भएको |
| क्षमा | छमा | 'क्ष' हुनुपर्नेमा 'छ' भएको |
| विपक्ष | विपछ | 'क्ष' हुनुपर्नेमा 'छ' भएको |

यसरी अवधी भाषी विद्यार्थीले 'क्ष' वर्णसँग 'क'वर्ण जोडेर उच्चारण गर्नाले लेखाइमा पनि त्रुटि हुन पुगेको देखिन्छ ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | स्पष्टीकरण |
|---|---|---|
| विचार | बिचार | 'वि' हुनुपर्नेमा 'बि' भएको |
| व्यवहार | बेवहार | 'व्य' हुनुपर्नेमा 'बे' भएको |
| यादव | यादब | 'व' हुनुपर्नेमा 'ब' भएको |
| एउटा | यउटा | 'ए' हुनुपर्नेमा 'य' भएको |
| विद्यालय | विदायालय | 'द्या' हुनुपर्नेमा 'दा' भएको |

यसरी अवधी भाषी विद्यार्थीले 'य' वर्णलाई 'ए' उच्चारण गर्ने र 'ब' वर्ण लाई 'व' र 'व' वर्णलाई ब उच्चारण गर्ने हुनाले लेखाइमा त्रुटि देखिन्छन् ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | स्पष्टीकरण |
|---|---|---|
| ह्वाल्ल | हवाल | आधा 'ल' लोप भएको |
| टुप्लुक्क | टुपलुका | 'प्' हुनुपर्नेमा 'प' भएको र आधा 'क' लोप भएको |

| | | |
|---|---|---|
| छर्लङ्ग | छरलङ | 'र्ल/ग' हुनुपर्नेमा 'र/ङ' भएको |
| चुर्लम्म | चुरलुमम | 'र्ल' हुनुपर्नेमा 'र' भएको र 'म्' हुनुपर्नेमा पूर्ण 'म' |

यसरी अवधी भाषी विद्यार्थीको उच्चारणमा पूर्णतः मातृभाषाको प्रभाव भइसकेको र नेपाली अनुकरणात्मक शब्दको उच्चारण गर्दा जिब्रोले सक्रिय रूपमा सहयोग पुऱ्याउन नसक्नाले लेखाइमा समेत यस्ता त्रुटि देखिन्छन् ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| विद्युत | विदुत | 'द्यु' हुनुपर्नेमा 'दु' भएको |
| अतिरिक्त | अतिरिकत | 'क्' हुनुपर्नेमा 'क' भएको |
| सरस्वती | सरसती | 'स्व' हुनुपर्नेमा 'स' भएको |
| ह्रस्व | हरस्व | 'ह्र' हुनुपर्नेमा 'हर' भएको |
| इच्छा | इक्छा | 'च्' हुनुपर्नेमा 'क ' भएको |

यसरी अवधी भाषी विद्यार्थीले उच्चारणमा मात्र नभएर लेखाइमा समेत त्रुटि गरेका देखिन्छन् ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| परिचय | पारिचय | 'प' हुनुपर्नेमा आकार थपोट भएको |
| उदय | उदया | 'य' हुनुपर्नेमा आकार थपोट भएको |
| समाज | सामाज | 'स' हुनुपर्नेमा आकार थपोट भएको |
| स्थल | स्थाल् | 'थ' हुनुपर्नेमा आकार थपोट र 'ल'हुनुपर्नेमा 'ल्' हलन्त |
| आज | आज् | 'ज' अजन्त हुनुपर्नेमा 'ज्' हलन्त भएको |

यसरी अवधी भाषी विद्यार्थीले उच्चारण र लेखाइमा त्रुटि गरेका देखिन्छन् ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | स्पष्टीकरण |
|---|---|---|
| चित्त | चित्त् | 'त्त' अजन्त हुनुपर्नेमा 'त्त्' भएको |
| खाद्य | खाद | 'द्य' हुनुपर्नेमा 'द' भएको |
| दिक्क | दिक् | 'क' लोप र 'क्' हलन्त भएको |
| सन्तुष्ट | सन्तुष्टा | 'ट' मा आकार भएको |
| उक्त | उक्त् | 'क्त' हुनुपर्नेमा 'क्त्'भएको |

यसरी अवधी भाषी विद्यार्थीले पदान्तमा संयुक्त वर्णको उच्चारण गर्दा कतिपयले संयुक्त व्यञ्जनको ठाउँमा सिङ्गो वर्ण त कतिपयले संयुक्त वर्ण नै उच्चारण गरेको देखिन्छ । यसले लेखाइमा समेत त्रुटि गरेका देखिन्छन् ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| स्वाद | सवाद | 'स्' हुनुपर्नेमा 'स' भएको |
| स्थायी | इस्थायी | 'इ' को थपोट भएको |
| स्तर | इस्तर | 'इ' को थपोट भएको |
| स्थल | इस्थल | 'इ' को थपोट भएको |

यसरी अवधी भाषी विद्यार्थीले 'स्' वर्णको उच्चारणमा त्रुटि गरेको पाइन्छ । अवधी भाषी विद्यार्थीले आरम्भमा 'स्' आउने वर्णको उच्चारण गर्दा कतिपयले हलन्त 'स्' अगाडि 'स' र कतिपयले 'अ', 'इ' र 'ए' वर्ण उच्चारण गरेको पाइन्छ । यसले गर्दा लेखाइमा समेत त्रुटि देखिन्छन् ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| शोषण | शोषन | 'ण' हुनुपर्नेमा 'न' भएको |
| प्रेरणा | प्रेरना | 'णा' हुनुपर्नेमा 'ना' भएको |
| कारण | कारन | 'ण' हुनुपर्नेमा 'न' भएको |
| आदरणीय | आदरनीय | 'णी' हुनुपर्नेमा 'नी' भएको |
| निर्णायक | निरनायक | 'र्णा' हुनुपर्नेमा 'रना' भएको |

यसरी अवधी भाषी विद्यार्थीले 'ण' वर्णलाई 'न' का रूपमा उच्चारण गरी त्रुटि गरेको पाइन्छ । यसले गर्दा लेखाइमा समेत त्रुटि देखिन्छन् ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | स्पष्टीकरण |
|---|---|---|
| कपडा | कपरा | 'डा' हुनुपर्नेमा 'रा' भएको |
| एउटा | यौटा | 'ए' हुनुपर्नेमा 'यौ' भएको |
| दुईटा | दोइटा | 'दु' हुनुपर्नेमा 'दो' भएको |
| टाढा | टाडा | 'ढा' हुनुपर्नेमा 'डा' भएको |
| टपरी | टापरी | 'ट' मा आकार भएको |
| चूडा | चुरा | 'डा' हुनुपर्नेमा 'रा' भएको |

यसरी अवधी भाषी विद्यार्थीले विविध उच्चारण गर्नाले लेखाइमा समेत त्रुटि देखिन्छन् ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | स्पष्टीकरण |
|---|---|---|
| बगैँचा | बगैचा | 'गै' मा चन्द्रबिन्दुको भएको |
| अनेकौँ | अनेकौ | 'कौ' मा चन्द्रबिन्दु भएको |
| संस्कृति | सस्कृति | 'स' मा अनुस्वार नभएको |
| यहाँ | यहा | 'हा' मा चन्द्रबिन्दु नभएको |
| नयाँ | नाया | 'न' आकार भएको र 'या' मा चन्द्रबिन्दुको नभएको |
| सारांश | साराश | 'रा'अनुस्वार नभएको |
| जाऊँ | जाउ | 'उ' ह्रस्व भएको र चन्द्रबिन्दु नभएको |

यसरी अवधी भाषी विद्यार्थीले चन्द्रबिन्दु र अनुस्वारको प्रयोग गर्दैनन् । नाके ध्वनि प्रयोग गर्दैनन् । त्यसैले चन्द्रबिन्दु र अनुस्वारको उच्चारण र लेखाइमा त्रुटि देखिन्छन् ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| परम्परा | परमपरा | 'म्' हुनुपर्नेमा पूर्ण 'म' भएको |
| प्रचार | परचार | 'प्र' हुनुपर्नेमा 'पर' भएको |
| प्रमुख | परमुख | 'प्र' हुनुपर्नेमा 'पर' भएको |
| परिचय | पारिचए | 'प' मा आकारको भएको |

यसरी अवधी भाषी विद्यार्थीले अघिल्लो वर्णमा संयुक्त रूपमा 'र' वर्णको उच्चारण र लेखाइमा हलन्त 'र्' को ठाँउमा 'र' तथा 'म्' को ठाँउमा 'म' प्रयोग गरी त्रुटि गरेको पाइन्छ ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| क्षमा | छमा | 'क्ष' हुनुपर्नेमा 'छ' भएको |
| विपक्ष | विपछ | 'क्ष' हुनुपर्नेमा 'छ' भएको |
| परीक्षा | परीछा | 'क्षा' हुनुपर्नेमा 'छा' भएको |
| प्रतिक्षा | परतिछा | 'प्र/क्षा' हुनुपर्नेमा 'पर/छा' भएको |

यसरी अवधी भाषी विद्यार्थीले 'क्ष' वर्णलाई 'छ' का रूपमा उच्चारण गरेको हुनाले लेखाइमा समेत त्रुटि देखिन्छन् ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| विविध | बिबिध | 'विवि' हुनुपर्नेमा 'बिबि'भएको |
| एउटा | यउटा | 'ए' हुनुपर्नेमा 'य' भएको |
| विद्यालय | विधालय | 'द्या' हुनुपर्नेमा 'द्‌या' भएको |
| व्यवहार | बेवहार | 'व्य' हुनुपर्नेमा 'बे' भएको |

यसरी अवधी भाषी विद्यार्थीले 'य' वर्णको उच्चारणमा 'ए' र 'व' को उच्चारणमा 'ब' उच्चारण गरी लेखाइमा समेत त्रुटि गरेको पाइन्छ ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| थचक्क | थचाक | 'च' आकारको प्रयोग भई 'क' लोप भएको |
| टुप्लुक्क | टुपलुक | 'प्' हुनुपर्नेमा 'प' भएको र 'क' लोप भएको |
| छर्लङ्ग | छरलङग | 'र्ल/ग' हुनुपर्नेमा 'र/ङ' भएको |
| टपक्क | टपक | 'क्' लोप भएको |

यसरी अवधी भाषी विद्यार्थीले अनुकरणात्मक शब्दको उच्चारणमा त्रुटि गरेको पाइन्छ । अनुकरणात्मक शब्दको उच्चारण गर्न कठिन हुने र जिब्रोले सक्रिय रूपमा सहयोग नगर्ने हुनाले उच्चारण र लेखनमा त्रुटि पाइन्छन् ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| अव्यय | अवय | 'व्य' हुनुपर्नेमा 'व' भएको |
| विद्या | विधा | 'द्य' हुनुपर्नेमा 'द्‌या' भएको |
| विद्युत | विधुत | 'द्यु' हुनुपर्नेमा 'धु' भएको |

यसरी अवधी भाषी विद्यार्थीले संयुक्त वर्णको लेखाइमा त्रुटि गरेको पाइन्छ । यसको कारण मातृभाषाको प्रभाव, अभ्यासको कमी र असावधानी हो ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* | *स्पष्टीकरण* |
|---|---|---|
| राजेन्द्र | राजेन्दर | 'द्र' हुनुपर्नेमा 'दर' भएको |
| सुरेन्द्र | सुरेन्दर | 'द्र' हुनुपर्नेमा 'दर' भएको |
| धर्मेन्द्र | धमरमेन्दर | 'द्र' हुनुपर्नेमा 'रमेन्‌दर' भएको |

| | | |
|---|---|---|
| दीपेन्द्र | दिपेनदर | 'द्र' हुनुपर्नेमा 'न्दर' भएको |
| खान्छु | खाइहाल्छु वा खाइलिन्छु | त्रुटिपूर्ण |
| भन्छु | भनिहाल्छु वा भनिलिन्छु | त्रुटिपूर्ण |
| पढ्छु | पढिहाल्छु वा पढिलिन्छु | त्रुटिपूर्ण |

यसरी अवधी भाषी विद्यार्थीले विभिन्न वर्णलाई विभिन्न रूपमा उच्चारण गरेको हुनाले उच्चारण तथा लेखाइमा थुप्रै त्रुटि देखिन्छन् । अवधी विद्यार्थीले दैनिक रूपमा नेपाली बोल्न खोज्दैनन् । बोल्दा पनि अवधी मिश्रित भाषिक प्रयोग गर्दछन् । यसका कारण लेखाइमा थुप्रै त्रुटि देखिन्छन् ।

## पदयोग र पदवियोगसम्बन्धी त्रुटि

अवधी भाषी विद्यार्थीले पदयोग र पदवियोगमा अधिक मात्रामा त्रुटि गर्दछन् ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* |
|---|---|
| समाजसँग | सामाज सँग |
| गतिशीलता | गाति शीलता |
| मानिसलाई | मानिस लाई |
| स्वतन्त्रताको | स्वातन्तरता को |
| भानुभक्त | भानु भाक्त |
| टेबुलमा | टेबुल मा |
| साहित्यकार | साहित्या कार |

यसरी अवधी भाषी विद्यार्थीले पदयोग र पदवियोगमा अधिक मात्रामा त्रुटि गर्दछन् । यहाँ पदयोग गर्नुपर्ने ठाउँमा पदवियोग गरेर त्रुटि गरेका छन् । यस्ता त्रुटि हुनुमा अभ्यासको कमी र नियमका ज्ञानको अभाव जस्ता कारण रहेका छन् ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* |
|---|---|
| देशका लागि | देशकालागि |
| प्राण दियौ | प्राण दियउ |
| बढी नै | बाढीनै |
| त्यो त | त्योत |
| सहरी जीवन | साहारी जीवन |

यसरी अवधी भाषी विद्यार्थीले पदयोगसम्बन्धी त्रुटि गरेका छन् । त्रुटि हुनुमा पर्याप्त अभ्यास नगराउनु, मातृभाषागत प्रभाव र भाषा प्रयोगमा असावधानी जस्ता कारण रहेका छन् ।

## चन्द्रबिन्दुसम्बन्धी त्रुटि

अवधी भाषी विद्यार्थीले चन्द्रबिन्दुको प्रयोग गर्नुपर्ने ठाउँमा नगरेको अथवा शिरबिन्दुको प्रयोग गरेर त्रुटि गरेको पाइन्छ ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* |
|---|---|
| गाउँ | गाउ |
| झिँगा | झिंगा |
| बोलाउँथे | बोलाउन्थे |
| घाँस | घास |
| डाँठ | डाठ |
| साँझ | सांझ |
| काँध | काध |
| काँचो | काचो |

यसरी चन्द्रबिन्दुको ठाउँमा शिरबिन्दु र चन्द्रबिन्दु नै प्रयोग नगरेका र कतै पञ्चम वर्णको प्रयोग गरेको पाइन्छ । यसो हुनुमा चन्द्रबिन्दु र शिरबिन्दुको प्रयोगमा अस्पष्टता वा ज्ञानको कमी, मातृभाषागत प्रभाव र अभ्यासको कमी जस्ता कारण रहेका छन् ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* |
|---|---|
| वंश | वम्स |
| प्रशंसा | प्रशंम्सा |
| संस्कृति | सस्कृति |
| संरक्षण | सम्रक्षण |
| संलग्न | सम्लग्न |
| संस्कार | ससकार |

यसरी विद्यार्थीले शिरबिन्दु र अनुसासिक व्यञ्जनमा त्रुटि गरेका छन् । यस किसिमका त्रुटि हुनुमा उच्चारणगत त्रुटि वा मातृभाषाको प्रभाव, नियमको बेवास्ता र अभ्यासको कमी जस्ता कारण रहेका छन् ।

## ब, व को प्रयोगसम्बन्धी त्रुटि

उच्चार्य र लेख्य दुबै रूपमा 'ब' र 'व' का बीच भिन्नता रहँदा रहँदै पनि लेखाइका क्रममा 'ब' का स्थानमा 'व' र 'व' का स्थानमा ब लेखेर त्रुटि गरेको पाइन्छ ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* |
|---|---|
| कविता | कबिता |
| बालक | वालक |
| सेवा | सेबा |
| बाहिर | वाहिर |
| विदेश | बिदेश |
| जीवन | जीबन |
| वाक्य | बाक्य |
| बिहान | विहान |

यसरी 'ब' र 'व' सम्बन्धी त्रुटि हुनुका कारणमा 'ब' र 'व' सम्बन्धी नियमको जानकारी नहुनु, लेखिरहेका वा बारम्वार आइरहने शब्द लेख्दा ख्याल नगर्नु र मातृभाषागत प्रभाव जस्ता कारण रहेका छन् ।

## 'य', 'ए' सम्बन्धी त्रुटि

'य' र 'ए' उच्चारणगत तथा संरचनात्मक दुबै दृष्टिले भिन्न रहेता पनि विद्यार्थीले भाषा सिकाइका क्रममा विभिन्न स्थानमा त्रुटि गरेको पाइन्छ ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* |
|---|---|
| एक | यक |
| लगायत | लगाएत |
| भए | भय |
| विद्यालय | विधालए |
| हृदय | हृदए/रिदए |

| | |
|---|---|
| गएको | गयको |
| आशय | आसए |
| पढाएर | पढायर |

यसरी 'य' वर्ण प्रयोग गर्नुपर्ने ठाउँमा 'ए' वर्ण र 'ए' वर्ण प्रयोग गर्नुपर्ने ठाउँमा 'य' प्रयोग गरी त्रुटि गरेको पाइन्छ । त्रुटि हुनुमा उच्चारणमा ध्यान नदिनु, मातृभाषाको प्रभाव 'य' र 'ए' को प्रयोगसम्बन्धी अभ्यासको कमी जस्ता कारण रहेका छन् ।

## क्ष, क्ष्य/छ, छ्यसम्बन्धी त्रुटि

'क्ष' र 'क्ष्य' को प्रयोग तत्सम शब्दमा मात्र गरिन्छ । नेपाली भाषाका तद्भव तथा आगन्तुक शब्दमा छ र छ्यको प्रयोग गरिन्छ । यस किसिमका समान प्रयोगमा आउने विभिन्न वर्ण प्रयोगसम्बन्धी अभ्यासको कमी तथा भाषिक ज्ञानको अभावमा विद्यार्थीले लेखाइका क्रममा धेरै किसिमका त्रुटि गरेको पाइन्छ ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* |
|---|---|
| शिक्षा | शिछा |
| अक्षर | अछर |
| भक्षक | भछक |
| निश्छल | निश्क्षल |
| लक्ष्य | लछ्य |
| जान्छ्यौं | जान्छेउ |
| छमछम | क्षमक्षम |
| ओछ्यान | ओछान |

यसरी 'क्ष' वर्णको ठाउँमा 'छ' र  'छ' वर्णको ठाउँमा 'क्ष' तथा 'छ्य' वर्णको ठाउँमा 'छ' वर्णको प्रयोग गरी त्रुटि गरेको पाइन्छ । यस्ता त्रुटि हुनुमा अभ्यासको कमी, उच्चारणमा ध्यान नदिनु र मातृभाषागत प्रभाव रहेका छन् ।

## श,ष, स सम्वन्धी त्रुटि

नेपाली भाषाका सन्दर्भमा तत्सम शब्दबाहेक अन्य शब्दमा दन्त्य 'स' प्रयोगको नियम रहेकाले विद्यार्थीमा तत्सम, तद्भव तथा आगन्तुक शब्दकाबीच अन्योल भई प्रायः दन्त्य स को प्रयोग गरेको पाइन्छ ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* |
|---|---|
| सूर्य | शूर्य |
| संसार | शंसार |
| देश | देस |
| शक्ति | सक्ति |
| भाषा | भासा |
| महापुरूष | महापुरूष |
| आदर्श | आदर्स |
| सानो | शानो |
| घाँस | घाश |

यसरी 'श' को ठाउँमा 'स' 'स' को ठाउँमा 'श' प्रयोग गरी थुप्रै त्रुटि देखिन्छन् । यस्ता त्रुटि हुनुमा नेपाली भाषाप्रतिको बेवास्ता, जुन 'स' प्रयोग गरे पनि एकै ठान्नु र उच्चारणमा समानता हुनु जस्ता कारणहरू रहेका छन् ।

## ट, त सम्बन्धी त्रुटि

'ट' र 'त' दुबै भाषा सिकाइका क्रममा आउने व्यञ्जन वर्ण हुन् । उच्चारणमा दुबैमा भिन्नता पाइन्छ ।

| *मानक शब्द* | *त्रुटिपूर्ण लेखाइ* |
|---|---|
| तिमी | टिमी |
| सीता | सीटा |
| सात | साट |
| भात | भाट |
| टीका | तीका |
| मोटी | मोती |
| काट्नु | कात्नु |
| खाट | खात |

यसरी अवधी भाषी विद्यार्थीले दैनिक रूपमा नेपाली बोल्न खोज्दैनन् । बोल्दा पनि अवधी मिश्रित भाषिक प्रयोग गर्दछन् । विभिन्न वर्णलाई विभिन्न रूपमा उच्चारण गरेको हुनाले उच्चारण तथा लेखाइमा थुपै त्रुटि देखिन्छन् ।

## त्रुटि निराकरणका उपाय

अवधी भाषी विद्यार्थीहरू खासगरी ग्रामीण इलाकामा हुनु, धेरैजसो अभिभावक निरक्षर हुनु, मातृभाषाको प्रभाव बढी हुनु, उच्चारणमा कठिनाई, अभ्यासको कमी, शिक्षकमा व्याकरणिक ज्ञानको कमी, शिक्षण सामग्रीको अभाव, विद्यार्थी स्वम्को असचेतना, नेपाली भाषाको संरचनागत जटिलता, नेपाली भाषाप्रतिको उदासीनता र भाषालाई सरलीकरणतर्फ लैजाने प्रवृत्ति जस्ता कारणले त्रुटि हुने गरेका देखिन्छन् ।

अवधी भाषी विद्यार्थीहरूको भाषिक विकासका लागि त्रुटिको पहिचान गरी निराकरण गरिनुपर्छ । कक्षामा बहुभाषिक शिक्षकको व्यवस्था गरी मातृभाषाका शैक्षिक सामग्री सङ्कलन गरी नेपाली लेखन अभ्यास गराउनुपर्दछ । नेपाली शिक्षण विषयवस्तुको शिक्षण मात्र नभएर भाषिक सिपको विकास गराउनु रहेकाले सोहीअनुसार शिक्षण गर्नुपर्दछ । पाठको उद्देश्यअनुरूप पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग गरी योजनाबद्ध शिक्षण गर्नुपर्दछ । विद्यार्थीलाई तल्लो कक्षादेखि नै स्पष्ट सस्वरवाचन र शुद्ध उच्चारणका अभ्यास गराउनुपर्दछ । कक्षाकोठाभित्र र विद्यालय समयावधिभर शुद्ध नेपाली प्रयोग गर्ने बानीको विकास गराउनुपर्दछ । समय समयमा कविता, कथा, संवाद, वादविवाद, निबन्ध जस्ता साहित्यिक विधाको कार्यक्रम राखी पुरस्कृत गर्नुपर्दछ ।

अवधी भाषी विद्यार्थीले त्रुटि गर्नुको प्रमुख कारण उनीहरूको घरपरिवार निरक्षर हुनु हो । विद्यार्थीहरूले विद्यालयमा केही नेपाली भाषा बोले पनि घरमा र समाजमा आफ्नै मातृभाषा प्रयोग गर्दछन् । त्यसैले दोस्रो भाषाका रूपमा नेपाली सिक्ने अवधी भाषी विद्यार्थीहरूलाई तल्लो कक्षादेखि नै ध्वनि र वर्णको उच्चारण र लेखनमा अभ्यास गराउनुपर्दछ । भित्ते पाटीमा त्रुटिरहित र त्रुटिपूर्ण वाक्य लेखी शुद्ध वाक्य पहिचान गर्न लगाउने, यिनीहरू बिचमा रहेका भिन्नता भन्न लगाउने, अशुद्ध वाक्यलाई शुद्धीकरण गर्न लगाउने, लिङ्गगत आधारमा वाक्य परिवर्तका अभ्यास गराउने, हस्तलेखन र अनुलेखनका अभ्यास गराउने, अनुच्छेदहरूको श्रुतिलेखन गराउने र अन्त्यमा शुद्धीकरणमा जोड दिनुपदर्छ । अवधी भाषी समुदायमा नेपाली भाषा पढाउने शिक्षक बहुभाषिक हुनुपर्ने र विद्यार्थीहरूले गरेका त्रुटिको ख्याल गरी शुद्धता र स्पष्टतामा जोड दिई अभ्यासमुखी बनाउनुपर्दछ । तल्लो कक्षादेखि उच्चारण र लेखनमा शुद्धीकरणको अभ्यास गराउनुपर्छ । विभिन्न भाषिक क्रियाकलापमा क्रमशः पालैपालो कथाकथन, कवितावाचन, वक्तृत्वकला, वादविवाद, संवाद तथा अन्य गीत,

नाटकसमेतमा भाग लिन प्रोत्साहित गर्नुपर्छ । भाषाका चार सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइका बढीभन्दा बढी अभ्यास गराउनुपर्दछ । सरस्वरवाचन, श्रुतिलेखन, बुँदाटिपोट, अनुच्छेद वाचन गर्न लगाउने जस्ता क्रियाकलापहरूमा सहभागिता बढाउनुपर्दछ । त्रुटि क्षेत्रका वर्णहरूलाई वर्ण, शब्द, वाक्य र अनुच्छेद तथा आवृत्ति हुने गरी पाठ्यसामग्री निर्माण गरेर सस्वर वाचन गराउनुपर्दछ । नेपाली उच्चारणमा कठिन हुने संयुक्त अक्षरलाई टुक्राएर प्रदर्शन गरी छुट्टाछुट्टै उच्चारण र लेखनका अभ्यास गराउनुपर्दछ । कक्षाकोठामा विभिन्न क्रियाकलापहरू अनुलेखन, हस्तलेखन, श्रुतिलेखन, वस्तु तथा चित्रवर्णन, घटना, तथा यात्रा वर्णन, चिठी, निवेदन, बुँदाटिपोट, सङ्क्षेपीकरण, विस्तृतीकरण, अनुच्छेद लेखन तथा निवन्ध लेखन जस्ता क्रियाकलापमा सरिक बनाई उचित मूल्याङ्कन गर्नुपर्दछ । विभिन्न विषय प्रसङ्गमा छलफल, प्रश्नोत्तर, तर्कवितर्क गराउनुका साथै कठिन शब्दहरू विद्यार्थीहरूलाई सोध्ने र सोका बारेमा वर्णन विश्लेषण गरी बताईदिनुपर्दछ । हप्तामा १ दिन विद्यालयमा स्वतन्त्र एवम् सिर्जनात्मक लेखन तथा वक्तृत्व प्रतियोगिता गराई पुरस्कारको व्यवस्था गर्नु उपयुक्त हुन्छ । पाठ्यपुस्तकमा पर्याप्त लेखाइ अभ्यास समावेश गर्नुपर्दछ । स्वतन्त्र रूपमा बोल्ने र लेख्ने अवसर दिनुपर्दछ । यसबाट विद्यार्थीहरूमा भएको लाज, सङ्कोच र डर हटाउन सकिन्छ । वर्णविन्यासगत त्रुटिहरूलाई कम गर्न विद्यार्थीहरूलाई सचेत गराउने, विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलाप अपनाउने र मूल्याङ्कन प्रणालीलाई वैज्ञानिक बनाउनु आवश्यक देखिन्छ ।

## निष्कर्ष

सिकारुले त्रुटि के कति कारणले र कसरी गर्छन् भनी निराकरणका उपायको अध्ययन विश्लेषण गर्नु त्रुटिविश्लेषण हो । यसले शिक्षकलाई भाषा सिकाइको स्तर र त्यसमा रहेका समस्यासँग सुपरिचित गराउँछ । यसका आधारमा शिक्षकले आफ्नो गन्तव्यलाई सहज र सुनिश्चित गर्न सक्छन् । त्रुटिको व्यवस्थित रूपमा व्याख्या र वर्णन गर्न सक्छन् ।

अवधी भाषी विद्यार्थीले नेपाली लेखाइमा गर्ने त्रुटिको अध्ययन गर्ने क्रममा नाम शब्दको अन्तिम अकारलाई हलन्त उच्चारण गरेको पाइन्छ । पदान्तमा संयुक्त व्यञ्जनमा आउने अकारान्त अध्यक्ष, सदस्य, स्वर्गजस्ता शब्दलाई हलन्त उच्चारण र लेखाइसमेत गरेको पाइन्छ । अध्यक्ष्, सदस्य्, स्वर्ग् उच्चारण र लेखन गरेको पाइन्छ । पदान्तमा 'अ' आउने वर्णको उच्चारण र लेखाइमा समेत त्रुटि गरेको पाइन्छ । चन्द्रबिन्दु र अनुस्वारको उच्चारण र लेखाइमा समेत त्रुटि गरेको पाइन्छ । 'क्ष' वर्णलाई 'छ' का रूपमा उच्चारण गरेको हुनाले लेखाइमा समेत त्रुटि गरेको पाइन्छ । य/ए र ब/व वर्ण प्रयोग भएका शब्दको उच्चारण र लेखाइमा समेत त्रुटि गरेको पाइन्छ । 'य' वर्णको उच्चारणमा 'ए' र 'व' वर्णको उच्चारणमा 'ब' को उच्चारण गरी लेखाइमा समेत गरी त्रुटि गरेको पाइन्छ । 'ट' वर्गीय उच्चारण र लेखाइमा पनि त्रुटि गरेको पाइन्छ । अकारलाई आकार उच्चारण गरी लेखाइमा समेत त्रुटि गरेको पाइन्छ । यी शब्दको उच्चारण गर्न कठिन हुने र मातृभाषाको उच्चारणमा बानी परेको हुनाले उच्चारण र लेखनमा त्रुटि गरेको पाइन्छ । कप, कफी, बजारजस्ता शब्दलाई काप, काफी र बाजार उच्चारण गरी लेखाइमा समेत त्रुटि गरेको पाइन्छ । लेख्नेलाई लिख्ने र गर्नेलाई करने भनेको पाइन्छ । अघिल्लो संयुक्त वर्ण उच्चारण र लेखाइमा त्रुटि गरेको पाइन्छ । क्रियापदको अन्तिम वर्णलाई

हलन्त उच्चारण गरी लेखाइसमेत त्रुटि गरेको पाइन्छ । नेपाली मानक उच्चारण र लेखन गर्न नसकेको पाइन्छ । अवधी शब्द मिसाएर बोल्ने र लेख्ने गरेको पाइन्छ । नेपाली ढिलो पढ्ने, वर्ण दोहोऱ्याउने, शब्द शब्दमा रोकिने, कुनै वर्णलाई लामो उच्चारण गरी त्रुटि गरेको पाइन्छ । उच्चारणमा समस्या हुने र कर्ता क्रियापदबिच सङ्गति मिलाउन समस्या भएको पाइन्छ । नेपालीमा अवधी भाषाका शब्द मिसाएर बोल्नाले त्रुटि हुने गरेको पाइन्छ । अवधी भाषाका शब्दलाई नेपाली जस्तो बनाएर लेख्लाई लिख्छ, लिख्छु; गर्लाई कर्छ, कर्छु जस्ता भिन्न ढङ्गले उच्चारण गरी लेखाइसमेत त्रुटि गरेको पाइन्छ । अकार वर्णलाई आकार उच्चारण गरी लेख्ने गरेको पाइन्छ । यसरी अवधी भाषी विद्यार्थीलाई नेपाली उच्चारण र लेखाइमा निकै कठिनाइ भएको, शब्दभण्डार र शब्दोच्चारणका तरिका भिन्न भएकाले नेपाली भाषाका सुनाइ, बोलाइ, पढाइ तथा लेखाइमा त्रुटि हुने गरेको निष्कर्ष निकालिएको छ ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०५६). *सामाजिक र प्रायोगिक भाषाविज्ञान.* रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५७). *भाषाशिक्षणका केही परिप्रेक्ष्य तथा पद्धति.* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र राई विष्णु सिंह (सन् २००६). *दोस्रो भाषाका रूपमा नेपाली शिक्षणका लागि शिक्षण निर्देशिका,* शिक्षा विभाग ।

अधिकारी, हेमाङ्गराज र राई विष्णु सिंह (सन् २००६). *दोस्रो भाषाका रूपमा नेपाली शिक्षण,* शिक्षा विभाग ।

अधिकारी हेमाङ्गराज, लम्साल जयप्रसाद र योन्जन अमृत (२०७२). *नेपालमा बहुभाषिक शिक्षा,* शिक्षक स्वाध्ययन सामग्री, शैक्षिक जनशक्ति विकास केन्द्र ।

कर्डर, एस.पिट (सन् १९९३). इरर एनालाइसिस एन्ड इन्टरल्याङ्ग्वेज.अक्सफोर्ड युनिभर्सिटि प्रेस ।

ढकाल, शान्तिप्रसाद (२०६९). *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम.* शुभकामना प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०७३). *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम.* पिनाकल पब्लिकेसन प्रा.लि. ।

पौडेल, माधवप्रसाद (२०७३). *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू.* हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

भण्डारी र अन्य (२०६८). *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम.* विद्यार्थी पुस्तक भण्डार ।

भाषा आयोग (२०७६). दोस्रो भाषाका रूपमा नेपाली भाषाशिक्षण सिकाइ अध्ययन प्रतिवेदन ।

लम्साल, रामचन्द्र र अन्य (२०७०). *प्रायोगिक भाषाविज्ञान.* भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०६८). *प्रायोगिक भाषाविज्ञान.* विद्यार्थी पुस्तक भण्डार ।

श्री ५ को सरकार (२०५०). *भाषा नीति सुझाव आयोगको प्रतिवेदन तथा नेपालको भाषिक स्थिति* ।